श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०३५ सालको ऐन नं. ४

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

जिल्ला पञ्चायत ऐन, २०१९ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना: जिल्ला पञ्चायत ऐन, २०१९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस ऐनको नाम "जिल्ला पञ्चायत (सातौं संशोधन) ऐन, २०३५" रहेको छ ।

(२) यो ऐन श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको क्षेत्रमा तोकेको मितिदेखि प्रारम्भ हुनेछ ।

२. जिल्ला पञ्चायत ऐन, २०१९ को दफा ३ मा संशोधन: जिल्ला पञ्चायत ऐन, २०१९ (यस पछि "मूल ऐन" भनिएको) को दफा ३ को ,–

(१) उप-दफा (२) को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छः–

"(ग) जिल्लाभित्रका प्रत्येक नगर पञ्चायतका सदस्यहरूमध्येबाट सो पञ्चायतको जम्मा वडा संख्याको एक-तिहाई संख्यामा नगर सभाद्वारा निर्वाचित सदस्यहरू, र"

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उप-दफा (४) पछि देहायको उप-दफा (५) थपिएको छ :–

"(५) जिल्ला पञ्चायतको सभापति र उप-सभापति जिल्लासभाको पदेन सभापति र उप-सभापति हुनेछन् ।"

३. मूल ऐनको दफा १४ मा संशोधनः मूल ऐनको दफा १४ को,–

(१) उप-दफा (२) मा रहेको "सोबमोजिम निर्वाचित नौ सदस्य र गाउँफर्क राष्ट्रिय अभियान अञ्चल समितिबाट मनोनीत चार सदस्य समेत गरी जम्मा तेह्र सदस्य भएको जिल्ला पञ्चायत गठन हुनेछ" भन्ने वाक्यांश झिकिएको छ ।

(२) उप-दफा (३) को सट्टा देहायको उप-दफा (३) राखिएको छ :–

"(३) प्रत्येक जिल्ला पञ्चायतमा सभापति र उप-सभापतिको अतिरिक्त देहायबमोजिमका सदस्यहरू रहनेछन् :–

(क) उप-दफा (२) बमोजिम निर्वाचित नौजना सदस्यहरू, र

(ख) प्रचलित कानूनद्वारा व्यवस्था गरिएका अन्य सदस्यहरू ।"

(३) उप-दफा (३) पछि देहायको उप-दफा (४), (५) र (६) थपिएका छन्:–

"(४) उप-दफा (३) को खण्ड (क) बमोजिमका जिल्ला पञ्चायतका सदस्यहरूमध्येबाट सभापति र उप-सभापति जिल्लासभाद्वारा कानूनमा व्यवस्था भएबमोजिम निर्वाचित हुनेछन् ।

(५) जिल्ला पञ्चायतको कुनै सदस्य जिल्ला पञ्चायतको सभापति वा उप-सभापति पदमा निर्वाचित वा सहवृत्त भएमा निजको सम्बन्धित इलाकाबाट प्रतिनिधित्व गरेको सदस्य पद रिक्त हुनेछ ।

(६) जिल्ला पञ्चायतको सचिव श्री ५ को सरकारले नियुक्त गर्नेछ र निजले जिल्लासभाको समेत सचिव भई काम गर्नेछ ।"

४. मूल ऐनको दफा १५ मा संशोधनः मूल ऐनको दफा १५ को,–

(१) उप-दफा (१) मा रहेको "सदस्यहरूको" भन्ने शब्दको सट्टा "दफा १४ को उप-दफा (३) को खण्ड (क) बमोजिमको सदस्यको" भन्ने शब्दहरू राखिएका छन् ।

(२) उप-दफा (२) झिकिएको छ ।

(३) उप-दफा (५) मा रहेको "कुनै सदस्यको" भन्ने शब्दहरूको सट्टा "दफा १४ को उप-दफा (३) को खण्ड (क) बमोजिमको सदस्यको" भन्ने शब्दहरू राखिएका छन् ।

(४) उप-दफा (६) झिकिएको छ ।

५. मूल ऐनको दफा १५क. मा संशोधनः मूल ऐनको दफा १५क. मा रहेको "वा मनोनीत" भन्ने शब्दहरू झिकिएका छन् ।

६. मूल ऐनको दफा १६ मा संशोधनः मूल ऐनको दफा १६ को,–

(१) उप-दफा (१) को खण्ड (ख) र (ग) झिकिएका छन् ।

352

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उप-दफा (१) पछि देहायको उप-दफा (१क.) थपिएको छ :–

"(१क.) जिल्ला पञ्चायतको कुनै सदस्य मनासिव माफिकको कारणसहितको सूचना नदिई जिल्ला पञ्चायतको बैठकमा लगातार तीनपटकसम्म उपस्थित नभएमा जिल्ला पञ्चायतले निजलाई तोकिएको कार्यविधि अपनाई सदस्यताबाट हटाउनेछ ।"

७. मूल ऐनमा दफा १६क. थप: मूल ऐनको दफा १६ पछि देहायको दफा १६क. थपिएको छ :–

"१६क. राष्ट्रिय पञ्चायतको सदस्य भएमा जिल्ला पञ्चायतको सदस्यता कायम नरहने:

(१) जिल्ला पञ्चायतको सभापति, उप-सभापति वा सदस्य राष्ट्रिय पञ्चायतको सदस्य भएमा निजको जिल्ला पञ्चायतको पद रिक्त हुनेछ ।

(२) जिल्ला पञ्चायतको सभापति वा उप-सभापति राष्ट्रिय पञ्चायतको सदस्यको लागि हुने निर्वाचनमा उम्मेदवार भएमा उक्त निर्वाचनको नतीजा घोषणा भएपछि निज सो निर्वाचनमा निर्वाचित नभए तापनि निजको जिल्ला पञ्चायतको सभापति वा उप-सभापति पद रिक्त हुनेछ ।

(३) उप-दफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि राष्ट्रिय पञ्चायतमा निर्वाचित सदस्य निजको राष्ट्रिय पञ्चायतमा पदावधि रहुन्जेलसम्म सम्बन्धित जिल्ला पञ्चायत र जिल्लासभामा पदेन सदस्य हुनेछ ।"

८. मूल ऐनको दफा १७ मा संशोधन: मूल ऐनको दफा १७ को शुरूमा रहेको "निर्वाचित वा मनोनीत" भन्ने शब्दहरूको सट्टा "जिल्ला पञ्चायतको सदस्य" भन्ने शब्दहरू राखिएका छन् ।

९. मूल ऐनको दफा १९ मा संशोधन: मूल ऐनको दफा १९ को उप-दफा (६) झिकिएको छ ।

१०. मूल ऐनको दफा २३ मा संशोधन: मूल ऐनको दफा २३ को खण्ड (१०) र (१५) को सट्टा देहायको खण्ड (१०) र (१५) राखिएका छन् :–

"(१०) जिल्ला विकास योजनाको तर्जुमा, कार्यान्वयन, रेखदेख, निरीक्षण तथा मूल्याङ्कन गर्ने,

स्पष्टीकरण:

"जिल्ला विकास योजना" भन्नाले श्री ५ को सरकारको तर्फबाट जिल्लास्तरमा गरिने भनी तोकिएको सबै किसिमको विकास तथा निर्माण कार्यहरू र जिल्ला पञ्चायतको आफ्नै स्रोत वा श्री ५ को सरकारबाट अनुदान प्राप्त गरी जिल्ला एवं गाउँस्तरमा सञ्चालन गरिने विभिन्न प्रकारका विकास एवं निर्माण कार्यहरूको समष्टी रूपलाई जनाउँछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१५) जिल्ला पञ्चायतले आफ्नो जिल्लाभित्रको सामाजिक, प्रशासनिक तथा विकास र निर्माण कार्यहरूको प्रगति र समस्याहरूको बारेमा सामूहिक रूपले मूल्याङ्कन गरी प्रत्येक वर्षको चैत्र मसान्त अगावै वर्षको एक पटक सुझावसहित श्री ५ को सरकारसमक्ष प्रतिवेदन पेश गर्ने,''

११. मूल ऐनको दफा ३२ मा संशोधन: मूल ऐनको दफा ३२ मा रहेको "जिल्ला सभाको कोषबाट" भन्ने शब्दहरूको सट्टा "जिल्ला पञ्चायतको कोषबाट" भन्ने शब्दहरू राखिएका छन्।

१२. मूल ऐनमा दफा ४५ क. थप: मूल ऐनको दफा ४५ पछि देहायको दफा ४५ क. थपिएको छ :–

"४५. क. मुद्दा हेर्ने अधिकार: (१) प्रचलित कानूनबमोजिम गाउँ पञ्चायतको निर्णय-उपर पुनरावेदन परी आएको मुद्दा र गाउँ पञ्चायतबाट कारवाई र किनारा हुन नसकी कारवाईको निमित्त आएको मुद्दामा जिल्ला पञ्चायतले कारवाई र किनारा गर्न जिल्ला पञ्चायतको बैठकले उप-सभापतिको अध्यक्षतामा तीनजना सदस्य भएको एक न्याय समिति गठन गर्नु पर्नेछ।

तर, उप-सभापति नभएको अवस्थामा सभापतिलाई न्याय समितिको अध्यक्ष तोक्नेछ।

(२) उप-दफा (१) बमोजिम गठित न्याय समितिमा जिल्ला पञ्चायतले सदस्य मनोनीत गर्दा सकभर वादी र प्रतिवादी जुन जुन इलाकाका हुन् सोही इलाकाका सदस्यहरू मनोनीत गर्नु पर्नेछ।

तर, वादी र प्रतिवादी एकै इलाकाका रहेछन् भने वादी र प्रतिवादी रहेका इलाकाका सदस्य एक र अर्को सदस्य एक मनोनीत गरिनेछ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि न्याय समितिमा सदस्यहरू मनोनीत गर्दा वादी वा प्रतिवादीको नाता पर्ने सदस्य मनोनीत गर्न सकिने छैन। उप-सभापति वादी वा प्रतिवादीको नाता पर्ने भएमा सभापतिलाई र सभापति पनि नाता पर्ने भएमा अर्को कुनै सदस्यलाई जिल्ला पञ्चायतले न्याय समितिको अध्यक्ष तोक्नेछ।

(४) न्याय समितिमा बहुमतको राय मान्य हुनेछ।

(५) यस दफाबमोजिम जिल्ला पञ्चायतद्वारा गठित न्याय समितिमा बहुमत कायम हुन नसकी तीनैजना सदस्यको भिन्दा भिन्दै राय भएमा त्यस्तो मुद्दामा जिल्ला पञ्चायतको बैठकबाट कारवाई र किनारा हुनेछ।

(६) उप-दफा (५) बमोजिम जिल्ला पञ्चायतको बैठकबाट मुद्दाको कारवाई र किनारा गर्दा सो बैठकमा बहुमतको राय मान्य हुनेछ।

३५८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

जिल्ला पञ्चायतको बैठकमा बहुमत कायम हुन नसकी मुद्दाको कारवाई र किनारा हुन नसकेमा सो मुद्दा जिल्ला अदालतमा पठाउनु पर्नेछ।

(७) यस दफाबमोजिम न्याय समिति, जिल्ला पञ्चायतको बैठक वा जिल्ला अदालतले गरेको निर्णय अन्तिम हुनेछ।

(८) यस ऐनबमोजिम जिल्ला पञ्चायतले मुद्दाको कारवाई र किनारा गरेपछि सो मुद्दाको मिसिल सम्बन्धित गाउँ पञ्चायतमा पठाउनु पर्नेछ।

(९) यस ऐनबमोजिम जिल्ला पञ्चायतले मुद्दाको कारवाई र किनारा गर्दा यस ऐनमा लेखिएदेखि बाहेक अरू कार्य-प्रणाली तोकिएबमोजिम हुनेछ र त्यसरी नतोकिएसम्म प्रचलित कानूनबमोजिम हुनेछ।"

१३. मूल ऐनमा दफा ४८क. थप: मूल ऐनको दफा ४८ पछि देहायको दफा ४८क. थपिएको छ :–

"४८क. सूचना दिनु पर्ने: जिल्ला पञ्चायतको सभापति, उप-सभापति वा सदस्य वा जिल्ला सभाको सदस्यलाई प्रचलित कानूनबमोजिम कुनै अड्डा, अदालतले हिरासत वा थुनामा राखी कारवाई गर्दा सो कुराको सूचना यथाशीघ्र सम्बन्धित जिल्ला पञ्चायत कार्यालयलाई दिनु पर्नेछ।"

१४. खारेजी: मूल ऐनको दफा ५४ खारेज गरिएको छ।

१५. बचाउ: यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुँदाका बखत गाउँफर्क राष्ट्रिय अभियान समितिबाट जिल्ला पञ्चायतमा मनोनीत भई कायम रहेका सदस्यहरू निजहरूको पदावधिभर कायमै रहनेछन्। तर त्यस्तो सदस्यको पद निजको पदावधि बाँकी छँदै बीचमा रिक्त हुन आएमा सो पदको पूर्ति गरिने छैन।

१६. जिल्ला पञ्चायत (सातौं संशोधन) अध्यादेश, २०३४ निष्क्रय भएपछि त्यसको परिणाम: जिल्ला पञ्चायत (सातौं संशोधन) अध्यादेश, २०३४ निष्क्रय भएपछि अर्को अभिप्राय नदेखिएमा सो निष्क्रयताले,–

(क) सो अध्यादेश निष्क्रय हुँदाको बखत चल्ती नभएको वा कायम नरहेको कुनै कुरा पनि जगाउने छैन,

(ख) सो अध्यादेशबमोजिम चालू भएको कुरा वा सोबमोजिम रीत पुर्‍याई अघि नै गरिएको कुनै काम वा भोगी सकेको कुनै कुरालाई असर पार्ने छैन,

(ग) सो अध्यादेशबमोजिम पाएको, हासिल गरेको वा भोगेको कुनै हक, सुविधा, कर्तव्य वा दायित्वमा असर पार्ने छैन,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) सो अध्यादेशबमोजिम गरिएको कुनै दण्ड, सजाय वा जफतलाई असर पार्ने छैन,

(ङ) माथि लेखिएको कुनै त्यस्तो हक, सुविधा, कर्तव्य, दायित्व वा दण्ड सजायका सम्बन्धमा गरिएको कुनै काम कारवाई वा उपायलाई असर पार्ने छैन र उक्त अध्यादेश कायम रहे सरह त्यस्तो कुनै कानूनी कारवाई वा उपायलाई पनि शुरू गर्न, चालू राख्न वा लागू गर्न सकिनेछ।

लालमोहर सदर मितिः– २०३५।४।२३।२

आज्ञाले–
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।